# जनताको सहयोग कसरी प्राप्त गर्ने

**- युवराज संग्रौला**

आजभोलिका दिनहरू कठिन भइरहेका छन् नेपालमा। सरकारको आलोचना गरौं भने प्रतिगामीहरूलाई खुसी पारेको अर्थ लाग्न जान्छ। सरकारको आलोचना नगरौं भने लोकतान्त्रिक आन्दोलनले लक्ष्य गुमाउन सक्ने खतरा छ। जेसुकै होस् धेरै विद्वानहरू, धेरै युवाहरू, धेरै खबरदारवालाहरू, धेरै समर्थकहरूले के बुझ्नुपर्दछ भने, नेपालको इतिहासमा वर्तमान सरकार सबैभन्दा कठिन र चुनौतीपूर्ण समयको पेलाईमा रहेको छ। एकापट्टि २ शताब्दीदेखि सत्ता, भत्ता, बन्दुक, सन्दुक र मोजमस्तिमा एकाधिकार जमाएर जनताको कर खादै जनताकै ढाडमा लाठी हान्ने सामन्ति संस्थाहरू र राजतन्त्र अनि उसको एकलौटी गुणगान र संरक्षण गर्न प्रशिक्षित गरिएको सैनिक र पुलिसतन्त्र, बन्दुक बोकेर व्यारेक, चोक, सडक र बारीमा तैनाथ छ। अर्कातिर बन्दुक बोकेका, सैनिक पोशाक लगाएका साम्यवादी राज्य व्यवस्था स्थापना गर्न नारा जुलुस गर्दै हिडेका सडकमा उत्रिएका गुरिल्लाहरू गाउँघर/सहर जतातते छन्। यी दुई खालका सैनिकहरूका बीचमा बन्दुक विनाका सरकार र पार्टीहरू छन्। उनीहरूले विगतमा गल्ती गरेका छन्, तर अहिले राष्ट्रमा समृद्ध लोकतन्त्र निर्माण गर्न प्रतिबद्ध छन्। यदि आम नागरिकले दुई खालका बन्दुकप्रति खबरदारी नगर्ने र यस सरकारलाई मात्र आलोचना गरिरहने हो भने, द्रवित र कमजोर मानसिकताको शिकार भई सरकारले बुद्धि र विवेकले होइन, तनाव र दवावमा ठूलठूला गल्तिहरू गर्ने खतराहरू छन्।

यस सरकारलाई लाखौं जनताले सघाएका छन्। लाखौं जनता यसको संरक्षणमा चनाखो भएर दिनरात सडकमा उभिएका पनि छन्। तर थुप्रै त्यस्ता बाधा, अवरोध, कुसंस्कार र अनीतिक संस्कृतिहरू अहिले पनि सरकारीयन्त्रका वरिपरि छन्, जसले जनतालाई सरकारको नजिक भएर रहन दिदैनन्, जनता होइन पुलिस र सैनिक मन्त्रीहरूका आफन्त हुन् भन्ने देखाउछन्। अहिले पनि जनता सिंहदरबार वरिपरि त्यसरी नै तिरस्कृत छन् जसरी राजाको सरकारका समयमा थिए। अहिले पनि दिनदिनै सयौं नागरिकहरूको सिंहदरवार वरिपरि त्यसरी नै हुर्मत काडिन्छ, जसरी राजाको सरकार रहेको बेला काडिन्थ्यो। समस्याहरू मन्त्रीहरू, सिंहदरवारभित्रका खरदार साहेवदेखि सचिवज्यूसम्म र संसदका सदस्यहरूले अहिले पनि थाहा नपाएका कारणले वर्तमान सरकारप्रति अपनत्व देखाउन नागरिकले सकिरहेका छैनन्।

राजाको नाममा गठित सरकारलाई नेपाल सरकार बनाउने माग पूरा भएको छ, तर मन्त्रीहरू श्री ५ को सरकारकै नाममा काम गरिरहेका छन्। यो सरकार जनताको हो श्री ५ को होइन। राजकीय सत्ता खोसिएको राजाको कसरी सरकार हुन सक्तछ ? वर्तमान मन्त्रीपरिषद्ले आफूलाई नेपाल सरकार मान्न सकिरहेको छैन। शाही सेनालाई नेपाल सेना बनाउन चाहने सरकारले आफूलाई नेपाल सरकार बनाउनु पर्दैन र ? संविधानवादको एउटा अहं सिद्धान्त छ, त्यो हो जनताभन्दा माथि संविधान होइन, संविधान भन्दा माथि जनता हुन्छन्। सक्रमणताका जनताले आफ्ना सार्वजनिक ऐक्यवद्धतापूर्ण मान्यता र सर्वसम्मत घोषणबाट संवैधानिक अधिकारको प्रयोग गरेको हुन्छन। अहिलेको संसद उनीहरूको आवाजलाई, वैधानिकता प्रदान गर्ने "जन कंग्रेस" हो र यसलाई वर्तमान संविधानका राम्रा व्यवस्थाहरू प्रयोग गर्दै, जनताको पक्षमा नभएका वा हुननसक्ने व्यवस्थाहरूलाई वेवास्ता गर्दै जनमान्यताअनुसार काम गर्ने अख्तियार छ। फ्रेन्च क्रान्तिको इतिहासलाई हेर्नुहोस प्रष्ट देखिनेछ यो कुरा। अस्ति भरखरै सभामूखले भन्नुभयो - हामी सकेसम्म चाँडै यो संसदलाई विघठन गर्ने छौं। यो मान्यता र भनाई त्रुटिपूर्ण छ। अहिलेको संसद केवल जनताको आह्वानमा मात्र विघठन हुन सक्तछ। अतः यस्ता संक्रमणकालीन जनमान्यताद्वारा निर्देशित सरकारले आफ्नो नाम श्री ५ को सरकार राखिरहे जनताले सरकारलाई कसरी आफ्नो मानिरहने ? अर्कातिर जनताको चाहना अनुसार पुर्नगठित संसदको विघठनका बारेमा किन विवाद सिर्जना गर्ने। यसको विघठनको आफ्नै प्रक्रिया छ। अर्कातिर जनताको चाहना अनुसार पुर्नःगठित संसदको विघठनका बारेमा किन विवाद सिर्जना गर्ने। यसको विघठनको आफ्नै प्रक्रिया छ।

मन्त्रीज्यूहरू सैनिक पोशाकमा रहेका शाही सेनाकै सिपाहीको संरक्षणमा घरबाट आफिस, अफिसबाट घर जानुहुन्छ। जनसभामा पनि तिनै सिपाहीको संरक्षणमा जानुहुन्छ। जनताको आदर र कदर गर्न बोलाएका ठाउँमा, मञ्चमा पनि बन्दुक बोकेका सिपाहीको उपस्थिति छ। यदि तपाई जनताले बनाएको मन्त्री हो भने सैनिक पोशाकमा राइफल बोकेका सिपाहीको पहरामा किन बस्नुहुन्छ ? जनतालाई सधैं बन्दुक हेर्न किन बाध्य गर्नुहुन्छ ? हिजो बाटोमा एक्लै हिंडिरहेको प्रभुनारायण चौधरीज्यूलाई आज किन बन्दुक बोकेको सिपाही चाहियो होला ? तपाईलाई थाहा छ छैन, सेनाले मन्त्रीको पहरा गर्ने राणाका पालादेखि चलेको चलन हो, त्यसताका एउटा भाइले अर्को भाइ मार्थ्यो र त्यसैकारण सुरक्षाका लागि हरेकको आफ्नै फौज हुन्थे। राजाका पञ्चायती शासनमा मन्त्रीले राजाको विरुद्धमा षड्यन्त्र गर्ला कि भनी सुरक्षाको नाममा सिपाहीको पहराभित्र मन्त्रीहरू राखिएका हुन्थे। तपाई जनताको नेता हो राजाको वा निरंकुशतन्त्रको प्यादा होइन। तपाइलाई बन्दुकको सुरक्षा कसबाट खतरा भएकाले चाहिएको हो ? यदि चाहिन्छ भने नागरिक पोशाकमा हतियार नदेखाएका पहरावालाबाट लिनुहोस्। र लोकतन्त्रलाई विकास गर्न सहयोग गर्नुहोस्।

नेपालको कुनै कानुन र संवैधानिक मान्यताले नागरिक प्रशासन हुने कार्यालयहरूमा सशस्त्र व्यक्तिको उपस्थितिलाई मान्यता दिएको छैन । अपराधीका विरुद्ध मुद्दा चलाउने महान्यायाधिवक्ता र भ्रष्टाचारको विरुद्ध कारबाही गर्ने अख्तियारको आयुक्तलाई सिपाहीको प्रहार नचाहिने, तर जनताले चुनेका मन्त्री र स्वतन्त्र इन्साफ गर्ने सर्वोच्च अदालतका प्रधान न्यायाधीशलाई सैनिक सुरक्षा किन चाहिने ? हिजो पञ्चायती व्यवस्थामा यी पदहरू जनताविरोधी हुन्थे र ती पदहरूमा राजाको एकाधिकार हुन्थ्यो, अनि जनतालाई निरंकुशताबाट आतंकित बनाउन सैनिकको उपस्थिति जहाँसुकै देखाई जनतालाई आतंकित बनाउन यो चलन चलाइएको थियो । यसलाई वर्तमान सरकारले त्याग्नुपर्दछ ।

अब जनआन्दोलनले स्थापित गरेको सरकारले शासन चलाउने ठाउँ र जनताका संसदले छलफल गर्ने संसद रहेको सिंहदरबारको कुरा गरौं । चारै ढोकामा बन्दुक बोकेका सैनिक र जनतालाई अलिकति पनि माया र सम्मान गर्न नजानेका पुलिसले घेरेका छन् । कोही नागरिक त्यहाँ पुग्ने वित्तिकै बन्दुकको धोडीमा हात राखेको कर्कस आवाजको सिपाहीले त्यहाँ पुगेको नागरिकलाई अपमानित गर्दछ । जर्नेल, मन्त्री र एक दुई संसदलाई सलामी ठोक्छ । उनीहरूका चिल्ला गाडी आएपछि सर्वसाधारणलाई धकेल्दै लखेट्छ । तर्क गऱ्यो भने पिटाई दिन्छ । त्यस्तो अपमानित द्वारबाट भित्र गाडीमा छिरेका तपाईं जनताका लागि काम गरिरहनुभएको छ । तर तपाईंको जनता चै गेटमा तिरस्कृत भइरहेको छ । मंगलबारका दिन म त्यहाँ गएँ र अपमानित भएँ, अनि मैले कसम खाएँ 'जुन दिन जनताकै सरकार बन्ने छ, म त्यस दिन मात्र त्यहाँ छिर्ने प्रयत्न गर्नेछु' । यस्तै खुद्रामसिना तर जनताका मर्यादा र अधिकारका अपमानले वर्तमान सरकारलाई जनताले विश्वास नगर्ने आधारहरू सिर्जना गर्दैछन् । यदि जनताप्रति विश्वास छ, वर्तमान सरकारलाई भने सिंहदरबारका गेटहरू जनतालाई अपमान गर्ने सिपाहीका अखडाबाट रूपान्तरण गर्नु आवश्यक छ । सरकार बसेका ठाउँमा र जनताका आवाजहरूको छलफल हुने ठाउँमा जनताले निर्वाध आवागमन पाउनुपर्दछ । यदि सुरक्षाको कुरा हो भने राख्नुहोस् जाँच्ने यन्त्र ।

उद्योग ठप्प, आम्दानी ठप्प अनि बाँच्न कठिन भएका बेला जनताले तिरेको करको हिजो जसरी दुरूपयोग भएको छ त्यसरी नै आज पनि दुरूपयोग भएको छ । सेना, प्रहरी, निजामति सचिव, सहसचिव सबैले जनताको कर प्रयोग गरेर किनेका लाखौंका पाजेरो, प्राडो, कार्यालय र हाकिमका घर, कुदिरहेका छन्, हाकिमका परिवारले सयर गरिरहेका छन् । विहान विहानै परिवारका ती गाडीहरूलाई तरकारी किन्न प्रयोग गरिरहेका छन् । के हरेक अफिसरलाई ३० लाखको गाडी निजी प्रयोगका लागि दिन सक्ने आर्थिक क्षमता देशको छ ? सहिदको परिवार जनताले दिएको दानबाट बाँच्न पाउने आशा गर्दैछन्, आन्दोलनमा घाइते भएकाहरू जनताले दिएको दानबाट उपचार पाइरहेका छन् । खरदार, सुब्बा र केही शाखा अधिकृतहरूले नोकरीलाई बाजी लगाएर लोकतन्त्रको समर्थन गर्दै सडकमा आए । उनीहरू माइक्रोमा अपर्याप्त तलबबाट भाडा तिर्दै वा थोत्रा साइकल कुदाएर कार्यालय धाउँदैछन् । हाकिमहरू जो लोकमानका भाषणमा ताली बजाइरहेका थिए आज पाजेरोमा हिंडिरहेका छन् । नेपालको कुन कानुन र संवैधानिक मान्यताले यस्तो भेदभावलाई मान्यता दिएको छ ? आम कर्मचारीलाई समेत प्रयोग गर्ने प्रत्येक कार्यालय बस उपलब्ध गराई लक्जरीका लागि राज्यको ढुकुटीमा मस्ती गर्ने परम्पराका बारेमा तपाईंहरू सोचिरहनुभएको छैन, अनि सडकमा यी विकृतिबाट विरक्त भएको नागरिक सरकारी गाडी देख्यो कि आगो लगाउन तम्सिन्छ । मन्त्रीज्यूहरू तपाईहरू ठान्नुहोला यो हिंसात्मक प्रवृत्ति हो । तर, होइन, यो अव्यवस्थाप्रतिको विध्वंसात्मक प्रतिकार हो । सैनिक, प्रहरी, निजामती र संस्थानमा व्यक्तिले प्रयोग गरेका सबै यस्ता सवारी साधनहरू खिच्नुहोस् र राज्यलाई संविधान सभामा जानुपूर्व देखिनै कल्याणकारी राज्यको बाटोतर्फ अगाडि लगाउनुहोस् ।

अहिले नागरिकहरूले तपाईंहरूबाट चाहेका सुधारका घोषणाहरू यिनै हुन् । यस्ता सुधारका घोषणाहरू नअपनाई राष्ट्रले संविधानसभाबाट केही पाउने छैन । संविधानसभा राजनीतिक व्यवस्था वा सरकारको ढाँचा तोक्ने कानुन लेख्ने थलो मात्रै होइन । यो सामाजिक विकास र परिवर्तनको मानचित्र बनाउने मार्गचित्र पनि हो । सिपाहीका बन्दुकको सुरक्षामा बसेर, नागरिकलाई दासको व्यवहार गर्ने राज्यको ढुकुटी सभ्रान्तको मोजमस्तीमा प्रयोग गर्ने सामन्ति राज्य संरचनाबाट संविधानसभाको उद्देश्य प्राप्ति गर्न सकिँदैन । आदरणीय सांसदज्यूहरू यस्ता विषयहरूलाई संसदमा उठाएर संसदको गरिमा बढाई जनताले यो देश मेरो हो भनि महसुस गर्न सक्ने वातावरण बनाउन कम्तिमा आठ घण्टा संसद चलाउनुहोस् ।

(कान्तिपुर दैनिकमा 'सरकारलाई जनताको सहयोग' शीर्षकमा प्रकाशित, मिति २०६३-२-४)